जि.का.सप्तरी द.नं. २(२०३९/०६/१८)-०३९/०४० ब.जि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४२ अंक ३० २०८० साल फागुन २७ गते आइतवार (10 Mar. 2024 Sunday) मूल्य रु. ७/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** सात हजार ३ सय विद्यार्थी ... **पृष्ठ ३ मा :** संघीय प्रणालीमा आधारभूत ... **पृष्ठ ४ मा :** श्रमिक महिला दिवसको ... **पृष्ठ ५ मा :** माल्दिभ्स भ्रमण गर्ने भारतीय ...

## राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता शुरु



**राजबिराज**/सप्तरीको खडक नगरपालिका वडा नम्बर १० स्थित महेन्द्र मा.वि. इनर्वा फुलबड़ीयाको खेल मैदानमा शनिबार देखि १४ औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता शुरु भएको छ ।

प्रतियोगिताको उद्घाटन समारोहमा बोल्दै प्रमुख अतिथि खडक नगरपालिकका प्रमुख जयप्रकाश चौधरीले बालबालिकालाई कूलतबाट जोगाउन खेलकुद आवश्यक भएको बताए ।

उनले बालबालिकाहरुलाई लागुऔषध जस्तो कूलतमा फँस्नबाट रोक्न खेलकुद राम्रो माध्यम भएकोले सबै पालिकाहरुलाई खेलकुदमा बजेट वृद्धि गरी बालबालिकालाई आकर्षण गर्न आग्रह गरे ।

"जिल्लाको विकासका लागि खेलकुदको विकास गर्न आवश्यक छ । जब सम्म खेलकुदको विकास हुँदैन तब सम्म जिल्लाको विकास हुँदैन्" चौधरीले भने ।

विशिष्ठ अतिथि प्रमुख जिल्ला अधिकारी किरण थापाले खेलले मान्छेलाई अनुशासित र नेतृत्व गर्ने सिकाउने भएकाले यस्तो प्रतियोगिता नियमित आयोजना हुनपर्नेमा जोड दिए ।

उनले प्रतियोगिताको सफलताको शुभकामना दिदै खेलकै माध्यमबाट राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा पनि आफ्नो र देशको नाम उच्च बनाउन सकिने भएकाले त्यतातर्फ सबैले ध्यान दिनुपर्ने बताए ।

स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद मूल नाराका साथ शुरु भएको जिल्ला स्तरीय प्रतियोगितामा ९ वटा पालिकाबाट स्कूल स्तरीय खेलाड़ीहरुको टिमले सहभागिता जनाएका छन् ।

सप्तकोशी नगरपालिका, हनुमाननगर कंकालिनी, खडक, बोदेबरसाईन, सुरुङ्गा, शम्भुनाथ नगरपालिका, महदेवा, राजगढ़ र बलान बिहुल गाउँपालिकाका विद्यालयहरुले प्रतियोगिता सहभागि भएको जिल्ला खेलकुद विकास समितिले जनाएको छ।

फागुन २८ गते सम्म चल्ने प्रतियोगितामा एकसय, दुईसय, आठसय, १५ सय, तीनहजार मिटर दौड, रिले दौड़, सटफुट, ज्यावलिंगथ्रो, लङ्ग जम्प, हाई जम्प, ट्रिपल जम्प, कवड़ी, भलीवल, कराँते, तेक्वान्दो र उस्सु खेल खेलाईने जिल्ला खेलकुद विकास समितिका प्रमुख दिनेश भुजेलले जानकरी दिए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देव, बोदेबर्साइन नगरपालिका शिक्षा संयोजक रामसागर यादव र खडक नगरपालिका वडा नम्बर १० का वडाअध्यक्ष राजेन्द्र प्रसाद चौधरी सहितकाले खेलको सफलताका लागि शुभकामना दिएका थिए भने

जिल्ला खेलकुद विकास समिति सप्तरीका प्रमुख दिनेश भुजेलको अध्यक्षतामा उद्घाटन समारोहको आयोजना गरिएको थियो ।

## मोटरसाइकलसहित युवकको शव पुलमुनि फेला



**राजविराज**/कुनौली-राजविराज सडकखण्डमा पर्ने सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-१ स्थित पुलमुनि एक पुरुषको शव शनिबार फेला परेको छ ।

राजविराज नगरपालिका १६ बस्ने राजेशकुमार यादवलाई पुलमुनि मृत अवस्थामा भेटिएको प्रहरीले जनाएको छ । पुलको तल शव देखेपछि स्थानीयबासीले प्रहरीलाई खबर गरेका थिए ।

पुलमुनि मधेस प्रदेश ३०६१ नंको मोटरसाइकलसहित उनको शव भेटिएकाले दुर्घनामा परेर ज्यान गएको हुन सकिने प्रहरी नायब उपरीक्षक ढुण्डीराज न्यौपानेले जानकारी दिएका छन् । कुन कारणले कसरी दुर्घटना भयो भन्ने कुरा अहिलेसम्म खुलेको छैन तर घटनाका बारेमा प्रहरीले अनुसन्धान थालेको छ ।

मृतकको पहिचान भएपछि परीक्षणका लागि शव राजविरजस्थित गजेन्द्रनारायण सिंह अस्पताल पठाइएको प्रहरीले जनाएको छ। घटनाबारे अनुसन्धान भइरहेको छ।

## होटल सञ्चालकको हत्या, चारजना पक्राउ

**सिरहा**/सिरहाको गोलबजारमा होटल सञ्चालन गर्दै आएकी एक महिलाको आफ्नै घरभित्र हत्या गरिएको अवस्थामा शव फेला परेको छ ।

गोलबजार नगरपालिका ६ का महेन्द्रकुमार साहकी श्रीमती ३२ वर्षीया अनिताकुमारी साहको ढुङ्गा र धारिलो हतियार प्रयोग गरी हत्या भएको अवस्थामा शव फेला परेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

स्थानीय सिकन्द्र पूर्वेको घर भाडामा लिएर विगत एक वर्षदेखि होटल सञ्चालन गर्दै आएकी साहको गर्दन काटएको तथा टाउको क्षतविक्षत भएको अवस्थामा घरभित्र शव फेला परेको इलाका प्रहरी कार्यालय गोलबजारले जनाएको छ ।

शुक्रबार राति मृतक र निजका पति महेन्द्र साह माथि कुटपिट भएको खबर प्राप्त भएपछि सहयोगका लागि घटनास्थलमा पुगेको प्रहरी टोलीले ३५ वर्षीय महेन्द्रलाई गम्भीर घाउचोटसहित बेहोस फेला पारेको थियो । निजलाई तत्काल उपचारका लागि गोलबजार पुऱ्याइएको थियो ।

घटनामा संलग्न भएको आशङ्कामा अनिताका चार जनालाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी उपरीक्षक सन्तोष अचार्यले बताए । घटना भएको घर नजिकको गोठबाट एक थान खुकुरी बरामद भएको छ ।

## दुर्घटनामा दुई जनाको मृत्यु

**सुनसरी**/सुनसरीको इटहरी उपमहानगरपालिका १२ खनार चोकमा शुक्रबार राति भएको मोटरसाइकल दुर्घटनामा दुई जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा मोटरसाइकल चालक मोरङको बेलबारी-८ का २३ वर्षीय विपिन दाहाल र मोटरसाइकलमा सवार आठ वर्षीय अभि दाहाल रहेका सुनसरीका प्रहरी नायब उपरीक्षक नवीनकृष्ण भण्डारीले जानकारी दिए । मृतक दुवै काका भतिजा हुन् ।

बिराटनगरबाट इटहरीतर्फ आउँदै गरेको प्र १-०२-०४१ प ६६१९ नं को मोटरसाइकललाई विपरीत दिशाबाट जाँदै गरेको प्र १-०२-००१ क ४५७८ नं को ट्रकले ठक्कर दिएको थियो । ठक्करबाट मोटरसाइकलमा सवार दुवै जना गम्भीर घाइते भएका थिए । उनीहरूको उपचारका क्रममा मृत्यु भएको प्रहरी नायब उपरीक्षक भण्डारीले बताए ।

ट्रक चालक इटहरी-२ का ३० वर्षीय प्रदीप कोइरालालाई प्रहरीले नियन्त्रणमा लिएको छ । घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

**सवारी साधन व्यवस्थापनका लागि अनुरोध**

- काठमाडौं उपत्यका प्रवेश गर्ने र बाहिरिने लामो तथा मध्यम दुरीका बसहरु गोंगबुस्थित नयाँ बासपार्क वा तोकिएका अन्य स्थानबाट ओराल्ने र चढाउने गरौं।
- सवारी व्यवस्थापनमा तोकिएका नियम पूर्ण रुपले पालना गरौं।
- शहरी क्षेत्रका तोकिएका स्थानमा मात्र यात्रुबाहक सवारी साधन रोक्ने, यात्रु चढ्ने र ओर्लने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### प्रदेश सरकारको दोहोरो चरित्र उदाङ्गो

तत्कालिन प्रदेश नं. २ (हाल मधेश प्रदेश) सरकारले आफैं छानबिन गर्न बनाएको समितिको प्रतिवेदन अझै सार्वजनिक गर्न सकेको छैन् । मलेठ घटना बारे राष्ट्रिय मानव अधिकार आयोगले बुझाएको प्रतिवेदन यथार्थ नभएको भन्दै बि.स. २०७४ साउन ७ गते प्रदेश सरकारले समितिले गठन गरेको थियो । बि.स. २०७३ साल फागुन २३ गते भएको उक्त घटनामा ५ जना मारिएका थिए । समितिमा तत्कालिन आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्र यादवको संयोकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरेको थियो । समितिमा सामाजिक विकासमन्त्री नवलकिशोर साह र तत्कालिन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र साह सदस्य थिए ।

समितिले मलेठ घटनाका सम्बन्धमा निष्पक्ष छानबिन गरी १५ दिनभित्र मन्त्रिपरिषदमा प्रतिवेदन पेश गर्ने भनेको थियो । तर, घटना भएको ७ वर्ष बित्दा समेत हालको मधेश सरकारले सो प्रतिवेदन सार्वजनिक गर्न सकेको छैन । राष्ट्रिय मानव अधिकार आयोगले सर्वोच्च अदालतका पूर्वन्यायाधीश ताहिर अली अन्सारी संयोजक रहेको उच्च स्तरीय छानबिन समिति बनाएको थियो । सो समितिले २०७३ फागुन २३ मा स्थानीय प्रशासन र सुरक्षा निकायको सुझाव विपरित औद्योगिक क्षेत्रमा सभा गर्ने एमाले, त्यसलाई जुन मूल्य चुकाएर भएपनि हुन नदिने वा बिथोल्न कटिबद्ध भई त्यहाँ जाइलाग्ने प्रदर्शनकारीहरुको अगुवाइ गर्ने सप्तरी जिल्लाको मधेसी मोर्चा नै मुख्य दोषी रहेको भन्ने यस समितिको निष्कर्ष रहेको छ,' २०७४ असार ३२ मा सार्वजनिक गरिएको प्रतिवेदनमा भनिएको छ । मधेशी मोर्चाले सभा हुन नदिने र एमालेले गरेरै छाड्ने अडान लिएपछि मलेठमा हिंसात्मक घटना हुन पुग्यो ।

जसपा नेतृत्वको दोश्रो पटक प्रदेशमा सरकार रहेको छ । तर, मलेठ घटना बारे छानबिन गर्न बनाइएको समितिले हालसम्म पनि प्रतिवेदन सार्वजनिक गर्न नसकेकोले यसप्रति प्रदेश सरकारले आफ्नो दायित्वबाट पन्छिएको जस्तो छ । यसर्थ उसले राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन नमान्ने र आफूले बनाएको समितिले प्रतिवेदन समेत सार्वजनिक गर्न नसक्ने मनसायलाई जनताले के बुझ्ने त ! यसको जवाफ तत्कालिन र वर्तमान मधेश प्रदेश सरकारको नेतृत्वकर्ताले दिनु पर्ने बेला आएको छ ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# सात हजार ३ सय विद्यार्थी पढाईबाट बञ्चित

**राजविराज**/सप्तरीको विष्णुपुर गाउँपालिकाका शिक्षक र विद्यालय कर्मचारीहरुको आन्दोलनका कारण ७ हजार ३ सय विद्यार्थीहरु पढाईबाट बञ्चित भएका छन् ।

लामो समयदेखि तलब नपाएको भन्दै शिक्षक र विद्यालय कर्मचारी विगत १० दिनदेखि विद्यालय बन्द गरी गाउँपालिकाको कार्यालय अगाडी धर्नामा बसेका हुन् ।

गाउँपालिका क्षेत्र भित्र ५ वटा मावि र १३ वटा आधारभुत सामुदायीक विद्यालय छन । १८ वटै सामुदायिक विद्यालयको पठनपाठन ठप्प र एसइई तथा अन्य कक्षाको वार्षिक परिक्षा नजिकीदै जाँदा आन्दोलनका कारण हजारौ विद्यार्थीको शैक्षिक भविष्य अन्यौलमा परेको छ ।

शिक्षकहरुले गठन गरेको संघर्ष समितीका संयोजक रहेका जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक कुशेश्वर मण्डलका अनुसार पालिकाका सबै सामुदायीक विद्यालयमा गरी १ सय ९२ जना शिक्षक कार्यरत छन् । जसमध्ये कोही १७ महिना देखि त कोही १३ महिना देखि तलब पाउन सकेका छैनन । लामो समय देखि तलब नपाउँदा घर व्यवहार चलाउन समस्या भएकाले बाध्य भई आन्दोलनमा उत्रिनु परेको उनको भनाई छ ।

उनले पटक/पटक गाउँपालिका कार्यालयका जिम्मेवार अधिकारी र जनप्रतिनिधीहरुलाई तलबका लागी आग्रह अनुरोध गर्दा पनि आश्वासन बाहेक केही नपाएकाले एसईई र वार्षिक परिक्षाको मुखमा पनि विद्यालय बन्द गर्नु परेको बताए ।

गाँउपालिकाका अध्यक्ष उमेश प्रसाद यादव हाल निलम्बीत अवस्थामा छन । सोलारबत्ती जडान सम्बन्धि एक योजनामा भुक्तानीका क्रममा भएको घुस लेनदेन सम्बन्धि विषयमा २ कर्मचारी सहित उनलाई पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विपक्षी बनाई गत भदौ १९ गते विषेश अदालतमा आरोप पत्र दायर गरेपछि उनी निलम्बित छन् ।

अहिले उपाध्यक्ष रेणु कुमारी यादव कार्यवाहक अध्यक्ष बनेर पालिका चलाउँदै आएकी छिन् । उनले गाउँसभाबाट निर्णय गरी कार्यान्वयनका लागी तत्कालिन प्रमुख प्रशासकिय अधिकृत उज्वल आनन्दलाई आर्थिक कारोबार गर्ने अख्तियारी दिए पनि कानुनी अडचन देखाउँदै तलब लगायत अन्य आर्थिक कारोबार गर्न नमान्दा ढिलाई भएको बताए । उनले अर्को प्रमुख प्रशासकिय अधिकृत आईसकेको र छिट्टै समस्या समाधान गर्ने बताएकी छिन् ।

# दुई आ.ब.को वार्षिक कार्य प्रगति विवरण सार्वजनिक

**राजविराज**/सप्तरीको कञ्चनरुपन नगरपालिकाले आ.ब. २०७९/८० र २०८०/८१ को प्रथम चौमासिक सम्मको वार्षिक कार्य प्रगति विवरण सार्वजनिक गरेको हो ।

एक कार्यक्रमको आयोजना गरी नगरपालिकाको वडा नं. २ बरमझियास्थित कभर्ड हलमा सार्वजनिक सुनवाई कार्यक्रमको आयोजना गरी सो प्रतिवेदन सार्वजनिक गरेको हो ।

"नगरवासीसँग नगरपालिका" नारासहित शुरु गरिएको सार्वजनिक सुनवाई कार्यक्रममा जनप्रतिनिधि, नगरपालिकाका सबै फाँटका प्रमुख तथा कर्मचारी, सुरक्षा निकायका प्रमुख सरोकारवाला निकाय, संचारकर्मीका साथै स्थानीयवासीको सहभागिता रहेको थियो ।

सो अवसरमा नगरप्रमुख ललन प्रसाद गुप्ताले नगरपालिकाका जनप्रतिनिधिहरुको तर्फबाट नगर विकासका खाका र साझा संकल्प व्यक्त गर्दै भावी दिनमा गर्नु पर्ने थप कार्यहरुका लागि सहभागितासँग राय सुझाव समेत संकलन गरे ।

उनले नगरपालिकामा १५ शैयायाको अस्पताल, शित भण्डारको निर्माण, गर्भवती र विपन्न समुदायसँग मेयर, सडक विस्तार लगायतका कामका साथै शिक्षा, कृषि र स्वास्थ्य क्षेत्रमा विकास बजेटको अधिकांश रकम खर्चिएको बताए ।

नगरपालिकाले स्वास्थ क्षेत्रमा गरेको उत्कृष्ट कार्य तथा व्यवस्थापनका कारण जिल्लामा प्रथम र प्रदेशमा तेश्रो स्थानमा हासिल गर्न सफल भएको बताउँदै उनले बजेट छरेर सिध्याउनु भन्दा हरेक वर्ष दुई चार वटा भएपनि अति आवश्यक र ठुलो संख्यामा नगरवासीले लाभ लिन सक्ने योजनामा पुग्ने बजेट विनियोजन गर्ने सोच अनुसार अघि बढेको र यसमा सबैको सकारात्मक साथ र सहयोगको अपेक्षा राखेको बताए ।

प्रमुख प्रशासकीय अधिकृत रामनारायण साहले दुई आर्थिक वर्षको प्रथम चौमासिक वार्षिक कार्य प्रगति विवरण प्रस्तुत गरे । प्रतिवेदन नगरपालिकाले २०७९/८० मा १ करोड ४० लाख २९ हजार राजस्व संकलन गर्न सफल भएको उल्लेख गरिएको छ ।

यस्तै २०८०/८१ हालसम्ममा ४० लाखभन्दा बढी राजस्व संकलन गर्न सफल भएको प्रतिवेदन मार्फत जनाइएको छ । प्रतिवेदनअनुसार २०८०।०८१ का लागि कुल ७६ करोड ७० लाख २० हजार ६ सय ७८ रुपैया विनियोजन गरिएकोमा हालसम्म विभिन्न शिर्षकमा गरी २८ करोड ३५ लाख ५२ हजार रुपैयाँ खर्च भएको छ । उनले न्यायिक समिति मार्फत परेको ४१ मुद्दा मध्ये ३३ वटाको न्याय सम्पादन कार्य सकिएको र न्याय सम्पादनमा समेत यो नगरपालिका अब्बल रहेको बताए ।


उनले संघीय र प्रदेश सरकारबाट प्राप्त बजेट, आन्तरिक आम्दानी र दातृ नियकाय एवम् विभिन्न संघ संस्थाबाट उपलब्ध भएको श्रोतको उचित परिचान गरी विकास निर्माण र सुशासन समेतलाई गति प्रदान गरिएको बताए ।

नगरप्रमुख गुप्ताको अध्यक्षतामा आयोजित कार्यक्रममा उपप्रमुख मुना पोखरेल, विभिन्न राजनीतिक दलका प्रतिनिधि, शिक्षक, पत्रकार तथा सरोकारवाला निकायका प्रतिनिधिले सो अवसरमा आ आफ्ना सुझाव राखेका थिए ।

यसरी सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत वार्षिक कार्य प्रगति विवरण सार्वजनिक गर्ने कञ्चनरुप नगरपालिका जिल्लाकै पहिलो पालिका नगरप्रमुख ललन प्रसाद गुप्ताको दाबी छ ।

# अपहरण गर्ने धम्की दिई अभिभावकसँग फिरौती माग गर्ने तीन जना पक्राउ

**राजविराज**/एक युवकलाई अपहरण गर्ने धम्की दिई अभिभावकसँग फिरौती माग गर्ने तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।



राजविराज वडा नं. ७ निवासी युवकलाई अपहरण गर्ने धम्की दिने झापाको मेचीनगर नगरपालिका ६ बस्ने २६ वर्षीय सबिन मैनाली, सोही नगरपालिकाको वडा नं. १० बस्ने २७ वर्षीय शुभम मैनाली र सुनसरीको धरान उपमहानगरपालिका ३ बस्ने १९ वर्षीया आशिका बराइलीलाई प्रहरीले पक्राउ गरेको हो ।

मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रवक्ता एवं सूचना अधिकारी प्रहरी उपरीक्षक श्याम कुमार महतोले फागुन ५ गते अभिभावकलाई ह्वाट्सएपबाट कल गरि छोरालाई अपहरण गरेको धम्की दिँदै पैसा माग्ने तीनै जनालाई पक्राउ गरेको जनाएका छन् ।

गत फागुन ५ गते बिहान राजविराज नगरपालिका ७ बस्ने पीडितका अभिभावकलाई ह्वाट्सएपबाट कल गरी 'तपाईको छोरा मेरो कब्जामा छ, छोरा चाहिन्छ भने मैले भने बमोजिम रकम पठाउनुस्, यो कुरा अन्य कसैलाई जानकारी गराएमा तपाईंको छोरालाई मारी दिन्छु' भन्दै धम्की दिएको प्रवक्ता महतोले बताए ।

उनीहरुले पीडितका अभिभावकलाई विभिन्न किसिमको डर त्रास देखाई विभिन्न व्यक्तिहरूको फरकफरक खातामा १२ लाख ८० हजार रुपैयाँ जम्मा गर्न लगाएका थिए । उनीहरूले ह्वाट्सएपको प्रोफाइल पिक्चरमा प्रहरी वरिष्ठ अधिकृतको फोटो समेत दुरुपयोग गरेको देखिएको प्रवक्ता महतोको भनाई छ ।

पीडितको जाहेरीको आधारमा सो विषयमा अनुसन्धान गर्ने क्रममा जिल्ला प्रहरी कार्यालय सप्तरीबाट परिचालित प्रहरी टोलीले ठगीमा संलग्न देखिएका उनीहरूलाई फागुन १८ गते पक्राउ गरेको हो ।

पक्राउ परेकाहरुलाई जिल्ला प्रहरी कार्यालय सप्तरीमा ठगी (अनलाइन) शीर्षकमा मुद्दा दर्ता गरी जिल्ला अदालत सप्तरीबाट अनुसन्धानको लागि दिन ७ म्याद थप गरी अनुसन्धान भइरहेको महतोले बताए ।

# छतबाट लडेर प्रहरी सहायक हवल्दारको मृत्यु

**राजविराज**/ईलाका प्रहरी कार्यालय बोदेबरसाईन सप्तरीमा कार्यरत प्रहरी सहायक हवल्दार कृष्ण मोहन सिंहको छतबाट लडेर मृत्यु भएको छ ।

मंगलबार राति १० बजे ड्युटी सकेर आफ्नो कोठामा सुतेका सिंह अचानक छतबाट लडेर तल झरेका थिए ।

ड्युटीमा रहेका सेन्ट्रीले आवाज सुनेपछि तत्कालै उपचारको लागि जीवन ज्योति हस्पिटल प्रालिमा लगेको र त्यहाँ उपचार हुने सम्भव नभएपछि राजविराजस्थित छिन्नमस्ता हस्पिटल पठाएकोमा त्यहा मृत घोषणा गरेको थियो ।

जिल्ला सर्लाही बलरा नगरपालिका १० सिंह टोल बस्ने ३३ वर्षीय प्रहरी सहायक हवल्दार सिंहको दरबन्दी प्रहरी चौकी बिसनपुर सप्तरीमा रहेको छ ।

जिल्ला प्रहरी सप्तरीका प्रहरी नायव उपरीक्षक ढुन्डीराज नेउपानेले घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको बताए ।

# टिपरको ठक्करबाट मोटरसाइकलमा सवार ब्यापारीको मृत्यु

**राजविराज**/सप्तरीको कञ्चनरुप नगरपालिका १२ धरमपुरमा बुधबार टिपरको ठक्करबाट मोटरसाइकलमा सवार स्थानिय एक ब्यापारीको मृत्यु भएको छ ।

पश्चिमबाट पुर्वतर्फ आउँदै गरेको प्र२-०१-००५९६३४ नम्बरको मोटरसाइकललाई विपरीत दिशाबाट कञ्चनरुप आउँदै गरेको क.१ख.८६३ नम्बरको टिपरले ठक्कर दिंदा कंचनरुप नगरपालिका ९ निवासी ५० बर्षिय अशोक साहको मृत्यु भएको हो । उनी रुपनगर चौकको पुराना तथा सप्तरीकै प्रतिष्ठित ब्यापारी हुन् ।

उनको घटना स्थलमै मृत्यु भएको ईलाका प्रहरी कार्यालय कञ्चनपुरले जनाएको छ ।

ब्यापारी साहको मृत्यु भएको बिरोधमा स्थानीयवासी र मृतकका आफन्तहरुले २ घण्टा देखि रुपनगर चौकमा टायर बालेर सडक जाम गरि प्रदर्शन गरेका थिए । पीडितले उठाएको माग बमोजिम टिपर चालकलाई कडा कारबाही गर्ने र मृतक परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउने सहमतिपछि सडक अवरुद्ध खुलेको थियो ।

# संघीय प्रणालीमा आधारभूत स्वास्थ्य सेवा र स्थानीय तहको भूमिका

**सरोज थापा**

असोज ३ गते जारी भएको नेपालको वर्तमान संविधानले परम्परागत एकात्मक र केन्द्रीकृत शासन प्रणालीलाई अन्त्य गरको छ । संविधानको अनुसूची ५ देखि ९ सम्मले तीन तहका सरकारको एकल र साझा क्षेत्राधिकार र जिम्मेवारी तोकेकोछ । यसरी तीनै तहको एकल अधिकार तथा साझा अधिकारको सुचीमा स्वास्थ्य सेवालाई राखिएको छ ।

संविधानको भाग ३ मा मौलिक हक र कर्तव्य अन्तर्गत धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकमा उपधारा (१) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन । यसैगरी उपधारा (२) मा प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ भनि उल्लेख भएको छ भने उपधारा (३) मा प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ तथा उपधारा (४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ भनि उल्लेख गरिएको छ । संविधानको धारा ५१ को (ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति अन्तर्गत स्वास्थ्यका विभिन्न विषयवस्तु समेटेर नीति निर्माण गर्न सक्ने व्यबस्था गरेको देखिन्छ ।

**आधारभूत स्वास्थ्य सेवा भनेको के हो?**

आधारभूत स्वास्थ्य सेवा भनेको के हो यस सेवा अन्तर्गत कस्तो सेवा पर्दछ भन्ने विषयमा हेर्दा जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ३ को उपदफा (४) बमोजिम आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रूपमा निःशुल्क उपलब्ध हुने प्रवर्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थानात्मक सेवालाई वुझाउछ (क) खोप सेवा, (ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवन, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा, (ग) सरुवा रोग सम्बन्धी सेवा, (घ) नसर्ने रोग तथा शारीरिक विकलाङता सम्बन्धी सेवा, (ङ) मानसिक रोग सम्बन्धी सेवा, (च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा, (छ) सामान्य आकस्मिक अवस्थाका सेवा, (ज) स्वास्थ्य प्रवर्द्धन सेवा, (झ) आयुर्वेद तथा अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य सेवा, (ञ) नेपाल सरकारले नेपाल राजपत्र सूचना जारी गरि तोकेका अन्य सेवा भनेर परिभाषित गरको छ ।

**नेपालको आधुनिक स्वास्थ्य क्षेत्रको नीतिगत विकासक्रमको अवस्था:**

सन १९५६ मा नेपालको राष्ट्रिय स्तरको औलो उन्मुलन कार्यक्रमबाट सुरु भएको कार्यक्रम संस्थागत रूपमा भने वि.सं. १९९० मा औपचारिक रुपमा स्वास्थ्य सेवा विभागको स्थापना भइ स्वास्थ्य क्षेत्रमा नयाँ विषयहरुको प्रवेशलाई एकीकृत गरी संचालनका लागि वि.सं. २०११ सालमा स्वास्थय मन्त्रालयको स्थापना भए पश्चात आधुनिक स्वास्थय सेवा सुरु भएको मान्न सकिन्छ । यसरी क्रमागत संरचनागत सुधार गर्दै देशभरी स्वास्थ्य सेवा प्रवाह भइरहेको छ । नेपालमा वि.सं. २०४६ को राजनैतिक परिवर्तनपछि नेपाली जनताको अपेक्षा गरे अनुरूप आएको राष्ट्रिय स्वास्थ्य नीति २०४८ ले गाउँगाउँसम्म प्राथमिक स्वास्थ्य सेवा विस्तार गर्ने गरी तत्कालीन सबै गाउँ विकास समितिहरूमा उपस्वाथ्य चौकी, इलाकाहरूमा स्वास्थ्य चौकी र प्रत्येक निर्वाचन क्षेत्रमा प्राथमिक स्वास्थ्य केन्द्रहरूको स्थापना भएको थियो । जसमा उपचारात्मक स्वास्थ्य सेवामा रोगको उपचारका लागि ग्रामीणस्तर देखि जिल्ला र केन्द्रिय स्तरसम्म उपलब्ध गराइने व्यवस्था नीतिले समेटेको थियो । त्यस समयमा राष्ट्रिय स्वास्थ्य नीति २०४८ले संरचनागत विकास, विस्तार र स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको लगानी र सहभागितालाई प्रबर्द्धन गरेको थियो ।

राष्ट्रिय स्वास्थ्य नीति २०७१ले भने नेपालको अन्तरिम संविधान २०६३ को भावना र मर्मअनुरूप जनसहभागितामूलक निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई जोड दिएको पाइन्छ । यसैगरी नेपालको तत्कालिन प्रत्येक गाउँ विकास समितिहरुमा क्रमवद्ध रूपले उप स्वास्थ्य चौकीको स्थापना गरिने,उक्त उप स्वास्थ्य चौकीबाट सामान्य, उपचारात्मक प्रवर्द्धनात्मक तथा प्रतिकारात्मक सेवाहरू प्रदान गरिने र वार्ड स्तरसम्म खोप, परिवार नियोजन, मातृशिशु कार्यक्रम, स्वास्थ्य शिक्षा, पोषण, वातावरणीय शिक्षा तथा सरसफाई, औलो, क्षय, कुष्ठ, जस्ता रोगविरुद्ध उपचार सेवाहरू उपलब्ध गराइने व्यवस्था रहेको पाइन्छ ।

**राष्ट्रिय स्वास्थ्य नीति २०७६ र यसमा भएको प्रमुख प्रावधानहरु:**

२०६२/२०६३ सालको ऐतिहासिक जनआन्दोलन र त्यसबाट प्राप्त उपलब्धि स्वरुप नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक हकको रूपमा स्थापित गरेकोछ । हालको नेपालको संविधानबमोजिम राज्यका संघ, प्रदेश र स्थानीय तहले सम्पादन गर्ने कार्यहरूको एकल तथा साझा अधिकार सूची, नेपाल सरकारका नीति तथा कार्यक्रमहरू, नेपालले विभिन्न समयमा गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू एवं स्वास्थ्य क्षेत्रभित्रका समस्या र चुनौतीहरू उपलब्ध स्रोत साधन तथा प्रमाणलाई समेत आधार बनाई राष्ट्रिय स्वास्थ्य नीति २०७६ जारी गरिएको छ । स्वास्थ्य नीति २०७६ मा सबै तहका स्वास्थ्य संस्थाहरूबाट तोकिएबमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिने लगायतका २५ वटा नीति समेटीएर स्वास्थ्य नीति जारी भै क्रियासिल रहेको छ ।

नागरिकको स्वास्थ्य सेवामा सन १९७८ मा अल्मा आटामा सम्पन्न विश्व सम्मेलनबाट थालिएको प्राथमिक स्वास्थ्य सेवाको विश्वव्यापी अभियान, सहस्राब्दी विकास लक्ष्य र स्वास्थ्यमा सर्वव्यापी पहुँच हासिल गर्ने उद्देश्य सहितको दिगो विकास लक्ष्य लगायतका अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूले नेपालको स्वास्थ्य प्रणालीको विकास र विस्तारमा योगदान गरेको देखिन्छ ।

**स्थानीय तहमा स्वास्थ्य सेवाको अवस्था:**

नेपालमा संघीयताको स्थापना हुनु अगाडि नै स्वास्थ्य मन्त्रालय अन्तर्गतका संरचनाहरुले संघीय मोडेलमा काम गरिरेहको अवस्था थियो । जनशक्ति, कार्यक्रम तथा सामाग्रीहरु नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट उपलब्ध हुने र स्थानीयस्तरमा व्यबस्थापन स्वास्थ्य संस्था सञ्चालन समितिबाट गरिने तत्कालिन व्यवस्था रहेको थियो । गाउँगाउँमा स्वास्थ्य चौकी टोल टोलमा महिला स्वास्थ्य स्वयंसेविकाको अवधारणा र तिनको परिचालन स्थानीय व्यबस्थापन समितिवाट हुनु नै ततकालिन समयको विकेन्द्रीकरणको सुन्दरपक्ष मान्न सकिन्छ ।

सिमित श्रोत साधनको उपयोग गर्दै कतिपय पालिकाहरुले स्वास्थ्यलाई विशेष महत्वको साथ काम गरेका उदाहरण पनि प्रशस्त भेटिन्छ तर पनि स्थानीय तहका जनप्रतिनीधिहरुको बुझाई विकास भनेको केवल बाटो र पुल भवन जस्ता भौतिक पुर्वाधारलाई महत्व दिँदा स्वास्थ्य क्षेत्र स्थानीयको प्राथमिकतामा नपरेको जस्तो भान हुन्छ । कतिपय स्थानीयतहमा अस्पतालका भवन निर्माण कार्य सम्पन्न भएता पनि आवश्यक जनशक्ति तथा सामग्रीको अभावमा ति भवनहरु प्रयोगमा नआई नै भूतबंगला नबन्ला भन्न सकिन्न । समग्र स्वास्थ्यमा प्रभाकारी काम गर्न र आमनागरिकको पहुँचमा स्वास्थ्यलाई पुर्‍याउनका लागि कम्तिमा १० प्रतिशत बजेटको व्यवस्थापन गर्नुपर्ने विश्वव्यापी मान्यतामा अधिकाशं पालिकाहरुले ५ प्रतिशतको भन्दा कम विनियोजन गरेको देखिन्छ । यसर्थ पनि स्थानीय तहमा स्वास्थ्य सेवाको कामकारबाही र सेवाको पूर्णरुपमा अपनत्व लिन सकेको अवस्था भने देखिदैन ।

केन्द्रीय तहबाट स्वास्थ्यमा धेरै सहयोगी कार्य भईरहदा आधारभूत स्वास्थ्य सेबाको अधिकार पाएको स्थानीय तह भने अलमलमा परेको देखिन्छ । विभेदकारी समायोजन ऐन मार्फत स्थानीय तहमा समायोजन भएका स्वास्थ्यकर्मीहरुमा मनोबलको उच्च बनाउदै सङ्घ, प्रदेश र स्थानीय तहबीच स्वास्थ्य क्षेत्रको लगानीमा समन्वय कायम गरी भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक तथा लैङ्गिक विविधतालाई दृष्टिगत गर्दै स्रोत साधनको समतामूलक र न्यायोचित वितरण सुनिश्चित गर्नु स्थानीय तहको चुनौती रहेको छ । जसरी विगतमा स्वास्थ्य सेवाको प्रवाह हुने गरको थियो आज पनि स्वास्थ्य सेवा त्यसरी नै चलेको देखिन्छ, । भौतिक पुर्वाधारको कमी, श्रोत्र साधनको कमी दरवन्दी वमोजमका स्वास्थ्यकर्मी नहुनु स्थानीय स्वास्थ्य सेवाको कमजोरीका रुपमा लिन सकिनछ । विमा कार्यक्रमलाइ प्रभावकारी ढंगले सञ्चालन गर्न सकीएको अवस्था समेत देखिँदैन । स्थानीय तहले आफनो भुगोल अनुसार माटो सुहाउने खालको स्वास्थ्यका कार्यक्रम वनाई कार्यन्वयन गर्न नसक्नु, स्वास्थ्य क्षेत्रमा विशेष योजना वनाउने, कसरी स्वास्थ्य संस्थालाई सवलीकरण गर्ने भन्ने तर्फ ध्यान नपुग्दा स्वास्थ्यमा उपलब्धीमुलक परिवर्तन हुन सकेको देखिदैन जसले गर्दा आधारभूत स्वास्थ्य सेवा दिने सन्दर्भमै स्थानीय तह अलमलमा देखिन्छ ।

नेपालमा राज्य संरचना मार्फत तत्कालिन गाउँ विकास समितिहरु मर्ज प्रक्रिया मार्फत गाउँपालिका तथा नगरपालिका स्थापना भएका छन । धेरै जसो साविकका गाउँ विकास समितिहरु वडामा परिणत भएको छ भने हरेक वडामा वडास्तरिय स्वास्थ्य संस्थाहरु स्थापना छ र भौगोलिक बिकट्तालाई मध्यनजर गरी साथै समूदायको स्वास्थ्यको पहुँचलाई ध्यानमा राखी एउटै वडामा तीन वटासम्म स्वास्थ्य संस्था विस्तार गरिएको छ ।

स्थानीय तहबाट नयाँ स्वास्थ्य

*बाँकी चार पृष्ठमा*

## साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सन्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर ब्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर ब्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोबाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

**जनहितका लागि**
**डाक्नेश्वरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय पातो, सप्तरी**

# श्रमिक महिला दिवसको महत्व

**नारायणी शर्मा 'प्रतीक्षा'**

विश्वका श्रमजीवी महिलाले बीरताको इतिहास रचेको दिन अर्थात् ८ मार्चलाई संसारभरिका श्रमिक महिलाले श्रमिक दिवसका रूपमा मनाउने गर्छन् । आजको दिन संघर्षको दिन, उत्सवको दिन र महानताको परिणाम निकालेको दिन हो ।

महिलाहरुले गर्दै आएका विभिन्न प्रकारका आन्दोलनलाई मध्यनजर गर्दै सन् १९१० मा डेनमार्कको कोपेनहेगनमा १७ देशका १०० महिलाहरूको सम्मेलन गरियो, जसले १९११ देखि हरेका वर्ष ८ मार्चमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने र समानताको आन्दोलनलाई निरन्तर अगाडि बढाउने निर्णय गयो । जुन दिन महिलाका लागि खुसी र उत्साह र परिवर्तनको दिन थियो । महिलाहरू अघि बढे, आँट र साहस गरे आखिर नसकिने के पो छ र भन्ने कुरालाई स्थापित गर्न सफल भए ।

त्यतिवेला विश्वमा महिलाहरूलाई मतदानको समेत अधिकार थिएन; समान काम असमान ज्यालाको उत्पीडन महिलाले खेपिरहेका थिए; बढी समय काम गर्नुपर्दा महिलाले न विश्राम लिन पाउँथे, न त मनोरञ्जनका लागि हिँडडुल गर्न पाउँथे; यस्तै तमाम उत्पीडनका विरुद्धमा सुरु गरेको आन्दोलनले इतिहासमा पहिलो पटक महिलाहरूको आवाज बुलन्द गऱ्यो । जसका कारण हरेक क्षेत्रमा समान कामको समान ज्याला स्थापित गऱ्यो । महिलाहरूको पनि मताधिकारको अधिकार सुनिश्चित गऱ्यो । आठ घण्टा काम, आठ घण्टा मनोरञ्जन, आठ घण्टा विश्रामको तालिका स्थापित गर्न त्यहाँका शासकलाई बाध्य बनायो । महिलाहरूले उठाएका तमाम मुद्दा सम्बोधन गर्न शासकहरु बाध्य हुँदै आए । यद्यपि हाम्रो परिवेशलाई नियाल्दा अझै पनि महिलाका सबै माग र मुद्दा सम्बोधन भएको अवस्था होइन ।

नेपालको आन्दोलनको इतिहासलाई हेर्ने हो भने महिलाहरू समाज रूपान्तरणमा प्रतिबद्ध र कटिबद्ध रूपमा लागिरहेकै छन् । नालापानीको लडाईंमा होस् या राणाशासक फाल्ने लडाईंमा; पञ्चायत अन्त्यका लागि होस् या जनयुद्धको महान् यात्रामा; जहाँ पनि महिलाहरु रगत बगाएरै अघि बढेका छन् । जनयुद्धको त्यो महान् यात्राको जगबाट जनआन्दोलन हुँदा महिलाको बलिदानी सानो छैन । यद्यपि आन्दोलनबाट जेजति उपलब्धि प्राप्त भएको छ, महिलाले त्यसको पूर्णरूपमा उपभोग गर्न सकेका छैनन् । सरकारी स्तरमा लागु गरिए पनि निजी र असंगठित क्षेत्रमा आज पनि ज्यालाको विभेद कायमै छ । आज सामाजिक क्षेत्रमा महिला सहभागिता जबर्जस्ती अलि-अलि समावेश गरिए पनि लगानी र उपस्थितिका आधारमा अवसर दिन समाज तयार छैन । विकसित देशहरूमा यो विभेद अलि कम भए पनि नेपालजस्ता अविकसित यो खाडल अझै डरलाग्दो छ ।

सामन्ती समाजमा पुरुषले घरबाहिरको काम गर्दा श्रमको मूल्य नगदमा प्राप्त गर्थे तर घरमा काम गर्ने महिलाको श्रमको मूल्य थिएन, त्यसो हुँदा महिलाहरू पुरुषको कमाइमा बाँच्ने निरीह प्राणीजस्तै हुन पुगे । सदियौंदेखिको यो परम्पराले महिलाले आफूलाई कमजोर बनाइएको महसुस गरे । उनीहरूले पनि घरमा दिनरात नभनेर गरेको श्रम (भान्सा, घरगोठदेखि खेतबारीसम्म) को मूल्य देखिएन र महिलाको श्रमको कुनै मूल्य भएन, यसो हुँदा पुरुषको भरमा बाँच्ने प्राणीका रुपमा महिलालाई समाजले स्थापित गर्न पुग्यो । जो नेपाली समाजमा अझै पनि विद्यमान छ । एकातिर घरबाहिर काममा गए पनि असमान ज्याला कायमै रह्यो भने अर्कोतिर घरमा गरेको श्रमको मूल्य नहुँदा महिलाहरू दोस्रो दर्जाको नागरिकका रूपमा स्थापित हुन पुगे । समाज र राज्यले महिलाहरूमाथि गरेको यो विभेदलाई अन्याय र विभेदका रूपमा हेरिएन, भाग्य र कर्मको खेलका रूपमा व्याख्या गरियो, यही कुरालाई समाजमा स्थापित गर्न लगाइयो । घरमै दोस्रो दर्जाको नागरिकसरह भइसकेपछि समाज र राज्यमा महिला सहभागिताको कुरा धेरै टाढाको विषय बन्यो । आज सामन्ती संस्कार बोकेका कैयौं देशमा यो समस्या विद्यमान छ । एकातिर अविकसित समाजमा यो समस्या छ भने अर्कोतिर विकसित देशमा महिलालाई उपभोग्य वस्तुका रूपमा बुझ्ने संस्कृति विकास भएको छ । आज पनि ठूल्ठूला फेसन सो र विज्ञापनहरूमा महिलाको प्रयोग मात्र छैन, सुन्दरी प्रतियोगिताजस्ता माध्यमबाट नारी सुन्दरताको व्यापार गरिएको छ । त्यस कारण हिजोको सामन्ती समाज श्रमको मूल्य र असमान ज्याला र पुँजीवादी समाजमा महिलालाई उपभोग्य वस्तु बनाएर महिलामाथिको विभेद कायम गरिएको छ । आज पनि हिजो अमेरिकाबाट सुरु गरिएको महिला विद्रोहलाई स्मरण गर्दै गर्दा आजको आधुनिक समाजमा महिलामाथिको नयाँ प्रकारका विभेदका विरुद्ध अर्को लडाइँ आवश्यक छ ।

नेपालको संविधानले पहिलो पटक राज्यका सबै तहमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरेको छ । महिलाको जनसङ्ख्या ५१ प्रतिशतभन्दा बढी छ तर ३३ प्रतिशत सहभागिता भन्नु विभेद हो । महिलाको जनसंख्याका आधारमा प्रतिनिधित्व सुनिश्चित गर्नुपर्छ । दोस्रो यही ३३ प्रतिशत लागु गर्न पनि राजनीतिक दल र सामाजिक अगुवाहरूमा अनेक आनाकानी छ । कानुनी बाध्यताले जबर्जस्ती ३३ प्रतिशत दिए पनि सहायक र कमजोर जिम्मेवारी दिएर कानुनी जटिलताबाट उम्कनेबाहेक समाज अगाडि जान सकेको छैन । ८ मार्च या भनौं श्रमिक महिला दिवस मनाउँदै गर्दा हिजोका महिलाले हिजोका असमानताविरुद्ध विद्रोह गरेजस्तै आजको असमानताका लागि आज संघर्ष गर्नुपर्नेछ । समान कामको समान ज्याला र घरेलु श्रमको मूल्यका लागि; जनसंख्याका आधारमा राजनीतिक र सामाजिक क्षेत्रमा सहभागिताका लागि; पुँजीवादी साम्राज्यवादी संस्कृतिले विकास गरेको उपभोग्य संस्कृतिको भण्डाफोर गरी पुरुष सरहको सामाजिक हैसियत बनाउनका लागि लडाइँ जारी छ । त्यसकारण श्रमिक महिला दिवस मनाइरहँदा यी विभेदका विषयमा विवेचना गरौं, छलफल गरौं र क्लारा जेट्किन क्रुस्सकाया, जेनी, चियाङचिङ, हरिमाया, नोना कोइराला, सहाना प्रधान, धनमाया श्रेष्ठ, कुमारी बुढा, दिलमाया योञ्जनजस्तै २१औं शताब्दीको मान र सम्मानमा हर क्षेत्रमा लडाइँ लड्न जागरुक बनाऔं । त्यसकारण श्रमिक महिला दिवसको जुन महत्त्व थियो, आज झनै बढेको छ । यो तथ्यलाई सबैले मनन गरौं ।

सबै विभेदको अन्य गर्न एक जुट बनौं ! महिलाहरूको एकता माथि उठाऔं । सबैमा श्रमिक महिला दिवसको हार्दिक शुभकामना । रातोपाटीबाट

***संघीय प्रणालीमा ...***

संस्था खोल्ने कार्य जारी छ । यसको साथै सरकारले देशका ३ सय ९६ स्थानीय तहमा आधारभूत अस्पताल निर्माणका लागि २०७७ साल मंसिर १५गते एकैदिन अस्पताल भवनको शिलान्यास गरेको छ । नेपाल सरकारको सबै पालिकाहरूमा ५,१० र १५ वेडका अस्पताल स्थापना गर्ने नीति रहेता पनि त्यसको प्रभावकारी व्यवस्थापन स्थानीयतहबाट हुन सक्ने अवस्था देखिएको छैन । स्थानीय तहलाई अस्पताल सञ्चालन गर्नका लागि पर्याप्त पैसा नहुने तथा कतिपय पालिकामा जनप्रतिनीधिहरुले अस्पताल सञ्चालन गर्नु भनेको स्थानीय तहको बोझ हो भन्ने रुपमा बुझेको अवस्था छ ।

अस्पताल सञ्चालन गर्ने विषय स्थानीयतहको नाफा घाटाको विषय भन्दा पनि स्थानीय सरकारको आम नागरिक प्रतिको दाइत्व र कर्तव्य हो भन्ने कुरा बझ्न जरुरी देखिन्छ । केही स्थानीय तहले केही समय देखि सञ्चालन गरिरहेका अस्पतालहरूले समेत राम्ररी सेवा दिन सकिरहेका देखिदैन । केन्द्रीय सरकारले विना तयारी विना श्रोत साधन नै कार्यक्रमको विस्तार गर्दा स्थानीय तहले यस कार्यक्रमलाइ अपनत्व लिन सकेको अवस्था देखिदैन । संघीय सरकारले स्थानीय तह सक्षम नहुदाँसम्म समग्र स्वास्थ्य क्षेत्रको व्यबस्थापनको जिम्मा संघबाटै हुनुपर्ने देखिन्छ । स्थानीय तहसँग पैसा अभाव, पर्याप्त जनशक्तिको व्यवस्था नहुनु तथा अत्याबश्यक उपकरणको समेत अभाव रहेकाले ती अस्पतालहरूको सेवा गुणस्तरीय हुन सकेको त छैन जसले गर्दा नागरिकको विश्वास समेत गुमाउदै गएको अवस्था छ ।

**स्थानिय तहमा स्वास्थ्य सेवा सुधारका लागि गर्नु पर्ने कार्यहरु**

स्थानीयस्तरमा प्राकृतिक विपद र कोभिड -१९ जस्तो महामारीमा आपत्कालीन स्वास्थ्य सेवा प्रभावकारी रूपमा व्यवस्थापन गर्न स्थानीय सरकार र स्वास्थ्य संस्थाहरूको क्षमता तथा पूर्वाधार विकासमा प्रयाप्त लगानी गर्नुपर्ने देखिन्छ ।

नगरपालिका तथा गाउँपालिकामा रहेका स्वास्थ्य शाखाहरुमा सवलीकरण गर्दै स्थानीय स्रोत साधनलाई अधिकतम प्रयोग गरी तथ्यमा आधारित योजना वनाउन उपलब्ध श्रोतसाधनलाई परिचालन गर्ने नीति तथा योजना निर्माण गर्नु पर्छ ।

नागरिकको मौलिकहकको सम्मान गर्दै जनप्रतिनिधिहरुमा स्वास्थ्य सेवा प्रति अपनत्व जगाउदै नागरिकलाई उच्चतम सक्रिय सहभागिता गराउदै प्रभावकारी स्वास्थ्य नीति निर्माणमा गर्नु पर्दछ ।

स्वास्थ्यमा अपेक्षित प्रतिफल प्राप्त गर्नका लागि लागत प्रभावकारितामा आधारित लगानी गर्न आवश्यक छ । हामीले हाम्रो स्वास्थ्यमा निकै कम लगानी गर्दा पनि त्यसको फाइदा धेरै प्राप्त हुन सक्छ । विश्व स्वास्थ्य संगठनको एक अन्तराष्ट्रिय अध्ययनका अनुसार स्वास्थ्य सेवाहरूमा हामीले एक रुपैयाँको लगानी गरियो भने ६ रुपैयाँको नाफा आउँछ भन्ने देखिएको छ । त्यस कारण स्वास्थ्यमा खर्च होइन लगानी हो भन्ने मनोवृत्ति कम पाइएको छ यसलाइ बुझाउन जरुरी देखिन्छ । यसर्थ प्रयाप्त मात्रामा वजेट स्थानीय तहमा रहेका या निर्माणाधिन अस्पताललाई पर्याप्त मात्रामा आवश्यक बजेट विनियोजन गर्नुको साथै अव ढिला नगरी कम्तिमा १० वर्ष स्थानीय अस्पताललाई संघ वा प्रदेश सरकार मातहत राख्न हतार भइसकेको अवस्था छ अन्यथा अस्पताल सञ्चालन नै नभइ वन्द हुने अवस्थामा पुग्नेछन ।

संघ तथा प्रदेश मातहतका अस्पतालमा थन्किएर रहेका औजार तथा उपकरणहरुलाई स्थानीय तहका अस्पतालमा व्यवस्था गर्ने तथा आधारभुत स्वास्थ्य सेवा केन्द्रमा दरबन्दी बमोजिमका स्वास्थ्यकर्मी व्यबस्था गर्नु पर्छ । विगतमा नै इ७. गरी चालुरहेका दरवन्दी संरचनामा हालको नागरिकको आवाश्यकता, विश्वव्यापी मान्यता बमोजिम दरवन्दी पुनसंरचना गर्नु पर्छ ।

स्वास्थ्य विमा कार्यक्रमको समसामायिक सुधार गर्दै नागरिकको पँहुचका लागि विमा कार्यक्रमको शुरुवात नै स्थानीय पालिकामा रहेका अस्पतालवाट सञ्चालन गर्ने हो भने अस्पताललाई चलायमान गर्न सकिन्छ र नागरिकलाइ समयमै सेवा प्रदान गर्न सकिन्छ ।

**अन्तमा:**

हालसम्म प्राप्त गरेका उपलब्धिलाई निरन्तरता दिंदै स्वास्थ्य क्षेत्रमा प्राप्त अन्तर्राष्ट्रिय सहयोग, समन्वय र सहकार्यलाई अझ बढी पारदर्शी र प्रभावकारी बनाउनु पर्दछ । अझै पनि नेपालका राजनीतिज्ञ, जनप्रतिनिधि, नीति निर्माता र आम मानिसको समेत बुझाइमा स्वास्थ्यको लगानी भनेको खर्च हो भन्ने गलत बुझाई छ । यसरी समग्र स्वास्थ्य क्षेत्रलाइ सहभागितामूलक अनुगमन, स्थानीय जनप्रतिनीधिहरुलाइ अपनत्व गराउदै समग्र क्षेत्रको समीक्षा भएमा मात्र नेपालको संविधानले स्वास्थ्यमा राखेको मर्म, भावना र लक्ष्य प्राप्ति गर्न सकिनेछ । ( लेखक राष्ट्रिय स्वास्थ्यकर्मी महासंघका संगठन विभाग सचिव हुन् ।) स्वास्थ्यखबरबाट


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्न पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालविवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्नवा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

# महासंघमा लगाइएको तालाप्रति पाँच वटा संघ संगठनहरुको आपत्ति

**राजविराज**/नेपाल पत्रकार महासंघ सप्तरी शाखामा लगाइएको तालाबन्दीप्रति जिल्लाका पाँच वटा संघ संगठनहरुले आपत्ति जनाएका छन् । प्रेस युनियन, प्रेस मञ्च, प्रेस सेन्टर, प्रेस चौतारी र समाजवादी प्रेस संगठन सप्तरीले शुक्रबार संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै लगाइएको तालाबन्दी प्रति आपत्ति जनाएको हो ।

प्रेस युनियन सप्तरीका अध्यक्ष विनय कुमार लाल कर्ण, प्रेस मञ्च सप्तरीका अध्यक्ष भुषणकुमार सिंह, प्रेस सेन्टर सप्तरीका अध्यक्ष दिनानाथ यादव, प्रेस चौतारी सप्तरीका अध्यक्ष डम्बर राई र समाजवादी प्रेस संगठन सप्तरीका अध्यक्ष अनिलकुमार पोखरेलद्वारा हस्ताक्षर गरेको उक्त विज्ञप्तिमा ताला खोलि वार्ता र सम्वादको माध्यमले समस्या समाधान गर्न सम्बद्ध पक्षसँग आग्रह समेत गरिएको छ ।

विज्ञप्तिमा सदस्य शुद्धिकरण अभियानमा पाँच वटै संगठनको समर्थन रहेको उल्लेख गरिएको छ । 'नेपाल पत्रकार महासंघ, चेन अफ कमाण्ड भित्रको र केन्द्रको निर्देशन अनुसार चल्ने संस्था भएको हामीले बुझेका छौं । केन्द्रीय कार्यालयले देशभर शुद्धिकरण गर्ने अभियान चलाएपछि सप्तरी शाखाले पनि चलाएको हामी सबैलाई अवगतै छ । जसको हामी सबै संगठनले समर्थन पनि गरेका हौं ।' विज्ञप्तिमा भनिएको छ, 'शाखाको शुद्धिकरण निर्णयपछि कतिपयले प्रदेश समितिमा उजुरी पनि दिएका थिए । प्रदेशले सिफारिस गरी केन्द्रमा बुझाउँदा पनि कतिपयले उजुरी हालेका छन् । केन्द्रले अहिलेसम्म सदस्यता निक्यौंल गरि नसकेको अवस्था विद्यमान छ ।'

'नेपाल पत्रकार महासंघ सप्तरीको राजविराजस्थित कार्यालयमा मिति २०८० फागुन २४ गते सदस्यता शुद्धिकरणमा परेकामध्ये केहि व्यक्ति (पत्रकारिता छाडेर अन्य पेशा, व्यवसायमा लागेका) ले गरेको तालाबन्दी प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ ।' विज्ञप्तिमा भनिएको छ, 'नेपालमा लोकतन्त्र स्थापनाको आन्दोलनमा अग्रणी भूमिका निर्वाह गरेको महासंघ नागरिकको मौलिक हक अधिकार, मानवअधिकार, प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रताको पक्षमा लड्दै आएको तथ्य कसैबाट लुकेको छैन् ।'

स्वेच्छाले सदस्यता परित्याग गरेकाहरुले पुनः आफ्नो सदस्यता कायम रहनुपर्छ भनि ढिपी कसेको भन्दै विज्ञप्तिमा उनीहरुको नैतिकतामाथि प्रश्न समेत उठाइएको छ । 'अझ स्वेच्छाले सदस्यता परित्याग गरेकाहरु पुनः आफ्नो सदस्यता कायम रहनुपर्छ भनी ढिपी कस्नु नैतिकताको बिषय हुनै सक्दैन् । पत्रकार महासंघ, विशुद्ध पत्रकारहरुको मात्र संस्था बन्नुपर्नेमा हामी प्रतिबद्ध छौं । यो पेशा छाडेर अन्य पेशामा गएकालाई आफैं सदस्यता त्याग गर्नुपर्नेमा सदस्य रहन पाउँ भन्नु न्यायसंगत हुन सक्दैन् ।' विज्ञप्तिमा उल्लेख गरिएको छ ।

त्यस्तै सप्तरी शाखाले साधारणसभा गर्ने मिति निर्धारण गरिसकेपछि केन्द्रले नै रोक्न निर्देशन दिएको उल्लेख गर्दै सदस्यता कायम गराउने र साधारण सभा गर्ने अधिकार अहिले शाखालाई नभएको विषय सबैले बुझ्नुपर्ने विज्ञप्तिमा स्पष्ट गरिएको छ । 'नयाँ सदस्यता दिने बिषयमा महासंघले प्रक्रिया अगाडी बढाईसकेको भनि महासंघको विज्ञप्तीबाट यसअघि नै सार्वजनिक भईसकेको छ । तर, तालाबन्दीले उक्त काम पनि प्रभावित हुने देखिएको छ ।' विज्ञप्तिमा भनिएको छ, 'महासंघले मागलाई सकारात्मक लिदैं एक चरणको वार्ता पनि गरेको हामीलाई अवगत भएको छ । अर्को चरणको वार्ता बसी समस्या समाधान गर्नुपर्नेमा त्यसतर्फ ध्यान नदिई एक्कासी ताला नै लगाउनु ठीक होइन् । केहि कुरामा असहमति भए वार्ता र सम्वादको माध्यमले समाधान खोज्नुपर्नेमा वा अन्य रचनात्मक आन्दोलन गर्नुपर्नेमा सोझै कार्यालयमा ताला लगाउनु न्यायसंगत हुनै सक्दैन् ।'

यसअघि पीडित पत्रकारहरुको समूहले बिहीबार नेपाल पत्रकार महासंघ शाखा सप्तरीले तीन बर्ष बितिसक्दा पनि एक पटक साधारण सभा नगरेको, सदस्यता शुद्धिकरणको नाममा पक्षपात गरी सदस्यता नविकरण नगरेको र योग्य पत्रकारहरुलाई सदस्यता प्रदान नगरेको सहितका माग पुरा नभए सम्मका लागि तालाबन्दी गरेका थिए ।

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

# विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : नवीन साप्ताहिक**

# अन्तर्राष्ट्रिय समाचार

## माल्दिभ्स भ्रमण गर्ने भारतीय पर्यटकको संख्यामा एक तिहाइ कमी

**माले**/गत वर्षको तुलनामा यो बर्ष माल्दिभ्स भ्रमण गर्ने भारतीय पर्यटकको सङ्ख्यामा ३३ प्रतिशतले कमी आएको माल्दिभ्सको पर्यटन मन्त्रालयको तथ्याङ्कलाई उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । नयाँ दिल्ली र मालेबीचको कुटनीतिक सम्बन्धमा तनाव आएसँगै माल्दिभ्स आउने पर्यटक सङ्ख्यामा पनि कमी देखिएको हो । सन् २०१९ को मार्च सम्ममा २७ हजार २२४ जना भारतीय पर्यटक आएका थिए । पर्यटन मन्त्रालयको सन् २०२३ को तथ्याङ्क अनुसार सन् २०२३ को मार्च ४ सम्ममा माल्दिभ्समा ४१ हजार ५४ भारतीय पर्यटकले भ्रमण गरेका थिए । माल्दिभ्सको अधाधु अनलाइनका अनुसार यो बर्षको पहिलो दुई महिनामा २७ हजार २२४ भारतीय पर्यटक माल्दिभ्स पुगेका छन् । गत वर्षको तुलनामा यो सङ्ख्या १३ हजार ८३० ले कम हो ।

गत वर्षको पहिलो दुई महिनाको अवधिमा माल्दिभ्समा पर्यटकका लागि भारत १० प्रतिशत बजार हिस्साका साथ दोस्रो ठूलो स्रोत थियो । यद्यपि, यो बर्ष भारतीय पर्यटकको सङ्ख्या छ प्रतिशतका साथ सूचीको छैटौं स्थानमा रहेको छ । माल्दिभ्सका तीन उपमन्त्रीले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको लक्षद्वीप भ्रमणको तस्बिरलाई लिएर अपमानजनक टिप्पणी गरेपछि दुई देशबीच कुटनीतिक विवाद उत्पन्न भएको थियो । भारतीय प्रधानमन्त्री मोदीले भारतीय टापु समूहलाई समुद्र तट पर्यटन र आन्तरिक पर्यटन प्रवर्द्धनका लागि गन्तव्यका रुपमा विकास गर्न आह्वान गर्नुभएको थियो ।

नयाँ दिल्लीले माल्दिभ्सका राजदूतलाई बोलाएर भाइरल पोस्टको कडा विरोध गरेपछि यो विषयले ठूलो कूटनीतिक विवाद निम्त्याएको थियो । तीनै जना उपमन्त्रीलाई निलम्बनमा राखिएको छ । यस वर्षको सुरुमा माल्दिभ्सको पर्यटन उद्योगका सरोकारवाला अधिकारीले भारतमा बहिष्कार अभियानले गति लिएको र लोकप्रिय भारतीय फिल्म स्टारहरूको समर्थन प्राप्त गरेकोमा चिन्ता व्यक्त गरेका थिए । माल्दिभ्स एसोसिएसन अफ ट्राभल एजेन्ट्स एण्ड टुर अपरेटर्स (माटाटो) ले भारतीय पाहुनाको बुकिङ रद्द गर्दा परेको असरबारे सर्वेक्षण गरेको थियो तर उक्त निष्कर्ष सार्वजनिक गरिएको थिएन । सन् २०२१/०२३ सम्म माल्दिभ्स पुग्ने भारतीय पर्यटकको सङ्ख्या दुई लाखको हाराहारीमा रहेको छ । यद्यपि, यस वर्ष अहिलेसम्म सबैभन्दा बढी अर्थात् ५४ हजारभन्दा बढी चिनियाँ पर्यटकहरूको आगमनको भएको र माल्दिभ्सको पर्यटनका लागि चीन नै शीर्ष बजार भएको छ । एजेन्सी

## नाइजेरियामा अपहरणमा परेका करिब २५० विद्यार्थी उद्धार गर्न सेना परिचालन

**नाइजेरिया**/नाइजेरियाको उत्तरपश्चिममा रहेको एक विद्यालयबाट बन्दुकधारीले अपहरण गरेका २५० भन्दा बढी विद्यार्थीहरूलाई उद्धार गर्न सेना परिचालन गरिएको छ । कादुना राज्यमा भएको उक्त घटना एक हप्तामा भएको दोस्रो सामूहिक अपहरण हो । पछिल्ला केही बर्षहरूमा उक्त क्षेत्रमा सशस्त्र आपराधिक गिरोहले गाउँ, विद्यालय तथा राजमार्गहरूमा फिरौती भुक्तानीको खोजीमा पीडितहरूलाई लक्षित गर्ने गरेका छन् । कादुना राज्यका स्थानीय सरकारी अधिकारीहरूले बिहीबार अपहरणको पुष्टि गरेका छन् । यद्यपी उनीहरूले कति बालबालिकाहरू अपहरण भएका छन् भन्ने तथ्याङ्क भने दिएका छैनन् । आक्रमणका क्रममा कम्तीमा एक जनाको गोली हानी मृत्यु भएको स्थानीय बासिन्दाहरूले बताएका छन् । जीएसएस कुरीगा विद्यालयका शिक्षक सानी अब्दुल्लाहीले बन्दुकधारीहरूले बिहीबार हवाई फाएर गरी विद्यालयका कर्मचारी र धेरै विद्यार्थीहरू लिएर गएको बताउनुभयो ।

उहाँका अनुसार स्थानीय अधिकारीलाई १८७ जना विद्यार्थीहरू विद्यालयबाट र अन्य १०० जना प्राथमिक कक्षाहरूबाट अपहरण गरेका थिए । स्थानीय बासिन्दाले करिब २८० जना बालबालिका र शिक्षक अपहरणमा परेको बताएका छन् । एक स्थानीय अगुवाका अनुसार डाकुहरूले गोली चलाएको र आफुहरू भेला हुँदासम्म बच्चाहरूलाई जम्मा गरी भागेका थिए । सुरक्षा प्रमुखहरूबाट दुई घटनाको बारेमा जानकारी प्राप्त गरेपछि तत्काल उनीहरूको उद्धाका लागि निर्देशन दिएको राष्ट्रपति बोला टिनुबुद्वारा जारी एक विज्ञप्तिमा उल्लेख गरिएको छ । बालबालिकाको उद्धारका लागि सेना परिचालनका लागि आदेश दिएको र छिट्टै सेना उक्त क्षेत्रमा पुग्ने उहाँले बताउनुभयो । अप्रिल २०१४ मा बोको हरामका लडाकुहरूले बोर्नो राज्यको चिबोकबाट २५० भन्दा बढी विद्यार्थी अपहरण गरेपछि उक्त घटनाको अन्तर्राष्ट्रियस्तरमा व्यापक आलोचना भएको थियो । तीमध्ये केही बालिका अझै बेपत्ता छन् । बोर्नोमा गत हप्ताको सामूहिक अपहरणपछि १०० भन्दा बढी मानिसहरू बेपत्ता भएको प्रत्यक्षदर्शीहरूले बताएका थिए ।

प्रहरी र स्थानीय प्रशासनले कुरीगा विद्यालयबाट अपहरणमा परेका बालबालिकाको तथ्याङ्क सार्वजनिक गरेको छैन । अमेरिकी विदेश मन्त्री एन्टोनी ब्लिन्केनले शुक्रबार एक्समा एक पोस्टमा कादुनामा भएको अपहरणको निन्दा गर्दै यस्ता भयानक आक्रमणका लागि जिम्मेवारहरूलाई कानुनी दायरामा ल्याउन र हिंसा तथा अपहरणजस्ता घटनालाई नियनत्रण गर्न नाइजेरिया सरकारसँग आग्रह गर्नुभएको छ । संयुक्त राष्ट्र बाल कल्याण एजेन्सी (युनिसेफ)ले पनि बिहीबारको आक्रमणको निन्दा गर्दै विद्यार्थीहरूको सुरक्षाका लागि सरकारसँग आह्वान गरेको छ । युनिसेफ नाइजेरियाका निर्देशक क्रिस्टियन मुन्डुएटले विज्ञप्तिमा विद्यालयहरू डर र हिंसाका स्थलहरू नभई शिक्षा र विकासको आधार बन्नुपर्ने बताउनुभयो ।एजेन्सी

# जेसीजद्वारा अन्तर्राष्ट्रिय महिला दिवसको अवसरममा अन्तरक्रिया




**राजविराज**/महिलाहरूले समाजमा दिएका योगदानलाई सम्मान तथा समर्थन गर्ने उद्देश्यले राजविराज जेसीजले अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

वर्ष २०२४ का कार्यकारिणी उपाध्यक्ष संजोग देवको संयोजकत्वमा आयोजित कार्यक्रममा राजविराज जेसीज वर्ष २०२४ का अध्यक्ष विप्लव आनन्दको अध्यक्षता, नेपाल जेसीज प्रथम महिला वर्ष १९८४ का पुनम सिंहको विशिष्ट अतिथ्य र राजविराज नगरपालिका कार्यवाहक नगरप्रमुख इसरत प्रविनको प्रमुख अतिथ्यमा सम्पन्न भएको हो ।

कार्यक्रममा राजविराज जेसीजकका पूर्व प्रथम महिला अध्यक्ष सुधा दत्त र कोमल जैन तथा राजविराज जेसीज वर्ष २०२० की अध्यक्ष पुनम पोखरेलको उपस्थिति रहेको थियो ।

यस्तै अधिवक्ता मनु खनाल, राजविराज नगरपालिकाका शाखा अधिकृत कल्पना देव, राजविराज नगरपालिकाका कार्यपालिका सदस्य ललिता कर्ण, मंजु खड्का र सोनी रजकको सहभागिता थियो ।

अन्तरक्रिया कार्यक्रममा मैथिली विकिमिडियन्सका तर्फबाट प्रशिक्षार्थी रुपा कर्ण, सानिया समिम, सबिना मण्डल, नेहा दास, सोनम चौरसियाले नाटक सहितको सामाजलाई महिलाको आवश्यकतामाथि प्रस्तुतीकरण दिएकी थिइन् ।

राजविराज जेसीज वर्ष २०२४ का शाखा अध्यक्ष विप्लव आनन्दले महिलाहरूलाई लक्षित गरी आयोजना गरिएको कार्यक्रमले समाजमा एउटा बेग्लै छाप छोड्ने बताए । कार्यक्रममा राजविराज जेसीज वर्ष २०२३ का अध्यक्ष उज्ज्वल काबराले आफ्नो मन्तव्य राखेका थिए भने राजविराज जेसीज वर्ष २०२४ का कानुनी सल्लाहकार विक्रम काबरा, कार्यकारिणी उपाध्यक्ष रवि कुमार राय, उपाध्यक्ष जेसी सौरभ सिंहको उपस्थिति रहेको थियो ।

आगामी दिनमा पनि राजविराज जेसीजले यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिदै अगाडि बढ्ने राजविराज जेसीजका महसचिव जेसी पंकज कुमार देवले बताए ।

# सघन सहरीका डिभिजनल इन्जिनियर देवसहित चार जना विरुद्ध विशेष अदालतमा मुद्दा दायर

**राजविराज**/अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सघन सहरी तथा भवन निर्माण कार्यालय राजविराजका तत्कालिन आयोजना प्रमुख सिनियर डिभिजनल इन्जिनियर सचिन्द्रकुमार देवसहित चार जना विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

डिभिजनल इन्जिनियर देवसहित इन्जिनियर मदन राय, सवइन्जिनियर सरोजकुमार यादवविरुद्ध ३ लाख ४७ हजार बराबरको बिगो दाबी गर्दै मंगलबार विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिएका छन् ।

त्यस्तै गुन्जा कन्स्ट्रक्सन, खडक नगरपालिका ८ सप्तरीका प्रोपराइटर गोविन्दप्रसाद मण्डलविरुद्ध पनि ३ लाख ४७ हजार बिगो दाबी गर्दै मुद्दा दायर गरिएको छ ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. ४ मधवापुर अन्तर्गत शहरी विकास राजविराजद्वारा मधुवापुर वडा कार्यालयदेखि अर्जी टोलसम्म लगभग ३०० मिटर दुरीमा कालोपत्रे बाटो निर्माण गर्ने क्रममा भ्रष्टाचार गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मंगलबार भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

अख्तियारका अनुसार सि.डि.ई. देव, तत्कालीन इन्जिनियर राय र सबइन्जिनियर यादवले अनियमित तरिकारले निर्माण व्यवसायी मण्डललाई ३ लाख ४७ हजार रुपैयाँ भुक्तानी दिएका थिए ।

# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सैं घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**

# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सैं घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**

# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सैं घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**विष्णुपुर गाउँपालिका, सप्तरी**

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*